# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१२ बारा, २०८३ असोज ८ गते विहिबार / त्रयोदशी / नेपाल संवत् ११४६ / Thursday, September 24 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच


## कलैयाका विद्यालयमा दुई दिन बिदा




कलैया, ७ असोज/बाराको कलैया उपमहानगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयमा २ दिन पठनपाठन बन्द हुने जनाएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थी, बालबालिका, शिक्षक तथा कर्मचारीको सुरक्षालाई ध्यानमा राखी असोज ८ र ९ गते स्थानीय तहसँगको समन्वयमा आवश्यकताअनुसार विद्यालयमा बिदा गर्न आग्रह गरेपछि उपमहानगरपालिकाले असोज ८ गते बिहीबार र ९ गते शुक्रबार विद्यालयहरुमा बिदा गर्ने निर्णय गरेको हो।

सोही सूचनाका आधारमा कलैया उपमहानगरपालिकाको शिक्षा शाखाले विद्यालयमा दुई दिन पठनपाठन बन्द रहने जानकारी दिएको हो। साथै, अभिभावकलाई बालबालिकालाई नदी, खोला, पोखरी तथा पहिरोको जोखिम भएका स्थानमा जान नदिन उपमहानगरले आग्रह गरेको छ।

असोज ९, १० र ११ गते देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा, उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात, हावाहुरी र चट्याङको सम्भावना रहेको पूर्वानुमान गरिएको छ। देशका अन्य पालिकाहरुले पनि शंभावित भारी वर्षालाई ध्यानमा राखेर विद्यालय बन्द गर्ने निर्णय गरेका छन्।

## देशभर ३ दिनसम्म भारी वर्षा हुने, अत्यावश्यक कामबाहेक लामो यात्रा नगर्न आग्रह

निजगढ, ७ असोज/मौसम विज्ञान विभागले आगामी असोज ९ गतेदेखि असोज ११ गतेसम्म मधेश प्रदेशसहित देशका विभिन्न स्थानहरूमा हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको जनाएको छ।

मौसमी प्रणालीको असर पर्ने भएकाले मधेश प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको जोखिम रहेको विभागले जनाएको हो।

मधेशसँगै कोशी, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरू तथा देशका अन्य अधिकांश भूभागमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको छ। मौसम पूर्वानुमान महाशाखाका अनुसार उत्तर अन्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यून चापीय क्षेत्र हाल बंगालको खाडीको मध्य भूभाग आसपास रहेको र उक्त प्रणाली थप शक्तिशाली बन्दै बलियो न्यून चापीय क्षेत्र भई पश्चिम(उत्तरपश्चिम दिशातर्फ सर्ने देखिएको छ।

यसैको प्रभावले गर्दा बुधबारदेखि नै मधेश प्रदेश नजिकका कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानहरूमा मध्यम वर्षा सुरु हुने



जनाइएको छ। वर्षाका कारण विशेष गरी मधेश प्रदेशका सहरी तथा तराई क्षेत्रमा डुबानको उच्च जोखिम रहने तथा देशभर बाढी, पहिरो र गेग्रान बहाव आउन सक्ने भएकाले राष्ट्रियविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पूर्वतयारी गर्न र आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ।

प्राधिकरणले डुबान र बाढीको सम्भावनालाई मध्यनजर गर्दै यस अवधिमा अत्यन्त जरुरी नभई टाढा र रातिको समयमा यात्रा नगर्न सर्वसाधारणलाई विशेष आग्रह गरेको छ।

बंगालको खाडीमा विकसित भएको न्यून चापीय प्रणाली क्रमश: शक्तिशाली बन्दै गएको छ। मौसमविद्हरूका अनुसार अहिले यो प्रणाली चक्रवातको रूपमा विकास भई नसके पनि यसको प्रभावले देशभर अत्यधिक वर्षाको सम्भावना रहेको छ।

मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार बिहीबारदेखि नै देशका धेरैजसो ठाउँमा वर्षा सुरु हुनेछ। विशेष गरी असोज ९ गते अर्थात् शुक्रबारदेखि ११ गते आइतबारसम्म नेपालमा मुसलधारे वर्षाको मुख्य जोखिम रहेको छ। यो प्रणाली भारतको बिहार, गोरखपुर र उत्तर प्रदेश हुँदै नेपालतर्फ अघि बढेमा बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा सबैभन्दा बढी असर पर्ने अनुमान गरिएको छ।

उच्च हिमाली भेगमा हिमआँधी र हिमपातको सम्भावना छ भने तराई र पहाडी क्षेत्रमा बाढी, पहिरो र डुबानको ठूलो जोखिम रहेको छ। विज्ञहरूका अनुसार पहिले नै जमिन भिजेको अवस्थामा २४ घण्टाभित्र १०० देखि १५० मिलिमिटरसम्म वर्षा हुँदा पनि पहिरो जाने र सडक अवरुद्ध हुने जोखिम उच्च रहन्छ।

त्यसैले असोज ९ देखि ११ गतेसम्म यात्रा गर्दा सतर्कता अपनाउन र नदी किनार तथा जोखिमयुक्त बस्तीमा बसोबास गर्नेहरूलाई विशेष सजग रहन मौसमविद्हरूले आग्रह गरेका छन्।

यसैबीच नेपाल राष्ट्रिय यातायात व्यवसायी महासङ्घले बिहीबारदेखि असोज १२ गतेसम्म टाढा र रातको समयमा यात्रा नगर्न आव्हान गरेको छ। महासङ्घले आज विज्ञप्ति निकालेर यात्रु गर्नुपूर्व बाटोको अवस्था र मौसमबारे अनिवार्य जानकारी लिन र अत्यावश्यकबाहेक यात्रा नगर्न अनुरोध

बाँकी तेश्रो पेजमा

## भारी वर्षामा सतर्क रहन जिप्रका बाराको आग्रह

कलैया, ७ असोज/मौसम विज्ञान विभागले शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म देशका केही स्थानमा मेघगर्जन, चट्याङसहित भारी वर्षा तथा एक(दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको जनाउदै जिल्ला प्रशासन कार्यालय बाराले मौसम पूर्वानुमानलाई ध्यानमा राखेर जिल्लावासीलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ।

कार्यालयले आज विज्ञप्ति निकालेर जोखिमयुक्त क्षेत्रमा रहेका नागरिकलाई विशेष सतर्कता अपनाउन तथा बाढी, पहिरो वा अन्य विपद्का घटना हुनसक्ने स्थानमा आवश्यक सावधानी अपनाउन र भारी वर्षाका कारण बाढी तथा पहिरोको जोखिम बढ्न सक्ने भएकाले अनावश्यक रूपमा घरबाहिर ननिस्कन र सुरक्षित स्थानमा रहन पनि आग्रह गरेको छ।

विज्ञप्तिमा विपद्पूर्व, विपद्का समयमा र विपद्पश्चात् महिला, वृद्ध, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई सुरक्षित स्थानमा राख्न पनि आग्रह गरिएको छ।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयले जिल्लास्थित अस्पताल, नर्सिङ होम, स्वास्थ्य केन्द्र तथा एम्बुलेन्सलाई तयारी अवस्थामा राख्न र विपद्का समयमा आवश्यक स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउन सम्बन्धित निकायलाई आग्रह गरेको छ। नदी, खोला तथा खोलानजिकका क्षेत्रमा विशेष सतर्कता अपनाउन पनि अनुरोध गरिएको छ।

मौसमसम्बन्धी सूचना नियमित रूपमा हेर्न तथा आवश्यकताअनुसार सम्बन्धित निकायको निर्देशन पालना गर्न प्रशासनले आग्रह गरेको छ। वर्षा र बाढीसम्बन्धी जानकारीका लागि ११५५, विपदमा सहयोग माग्न जिल्ला विपद् व्यवस्थापन समिति हटलाइन १२३४ तथा नेपाल प्रहरीको हटलाइन १०० र सशस्त्र प्रहरी बलको हटलाइन ११९४ मा सम्पर्क गर्न सकिने जनाइएको छ।

स्थानीय तहका विपद् व्यवस्थापन समिति तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई आवश्यक तयारी अवस्थामा रहन र विपद् प्रतिकार्यका लागि जनशक्ति तथा उपकरण तयारी अवस्थामा राख्न समेत जिल्ला प्रशासन कार्यालयले निर्देशन दिएको छ।

## देवताल गाउँपालिका-३ का वडाध्यक्ष कुशवाहाको निधन

कलैया, ७ असोज/बाराको देवताल गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष रामकिशोर प्रसाद कुशवाहाको बुधबार निधन भएको छ। मस्तिष्कघात (स्ट्रोक) भएपछि वीरगञ्जस्थित न्यूरो अस्पताल भर्ना गरिएका कुशवाहाको उपचारका क्रममा निधन भएको हो।

कुशवाहालाई तीन दिनअघि मस्तिष्कघात भएको थियो। त्यसलगत्तै भर्ना गरिएका कुशवाहाको सफल शल्यक्रिया समेत भएको थियो।



शल्यक्रियापछि अस्पतालमै उपचाररत रहेका कुशवाहाको निधन भएको हो।

कुशवाहा २०७९ सालको निर्वाचनमा जनता समाजवादी पार्टी नेपालबाट वडाध्यक्ष पदमा निर्वाचित हुनुभएको थियो। उहाँ वीरगञ्जस्थित न्यूरो अस्पतालमा रहेका बेला जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले समेत अस्पताल पुगेर स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको थियो।

कुशवाहाको बिहीबार अन्तिम संस्कार गरिने भएको छ।

## कान्ति राजमार्ग र भैँसे-भीमफेदी-कुलेखानी सडकमा राति सवारी सञ्चालन रोक



हेटौडा, ७ असोज/वर्षाका कारण बाढी तथा पहिरोको जोखिम बढ्न सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले कान्ति राजमार्ग र भैँसे(भीमफेदी(देउराली(कुलेखानी सडक खण्डमा रातिको समयमा सवारी सञ्चालनमा रोक लगाएको छ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सन्तोष सुवेदीले जल तथा मौसम विज्ञान विभागको विशेष मौसमी बुलेटिनअनुसार असोज ९ गतेदेखि ११ गतेसम्म हावाहुरीसहित धेरै ठूलो वर्षाको सम्भावना रहेकाले ती सडकमा गाडी सञ्चालनको समय निर्धारण गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार असोज ९ गतेदेखि अर्को सूचना जारी नभएसम्म कान्ति राजमार्गमा बिहान ५ बजेदेखि

बाँकी तेश्रो पेजमा

## रौतहटबाट पेस्तोलसहित एक भारतीय पक्राउ

रौतहट, ७ असोज/प्रहरीले रौतहटबाट बुधबार कटुवा पेस्तोलसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत बिहार राज्य जिल्ला मोतिहारी श्रीपुर ग्रामका ३७ वर्षीय गोविन्द दास रहेका छन्।

पेस्तोल बोकेर हिडिरहेको सूचना पाएपछि प्रहरी चौकी नरकटिया मोतिपुरका प्रहरी सहायक निरीक्षक ज्ञानबहादुर श्रेष्ठ र सशस्त्र प्रहरीको बंकुलस्थित पोष्टका सशस्त्र प्रहरी वरिष्ठ हवल्दार उमेशप्रसाद यादवको नेतृत्वमा रहेको प्रहरी टोलीले दासलाई पक्राउ गरेको हो।

दासको साथबाट १२ बोरे पेस्तोल फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक (डीएसपी) बसन्त गौतमले जानकारी दिनुभएको छ।

पक्राउ परेका दासलाई नियन्त्रणमा लिई थप अनुसन्धान सुरु गरिएको डीएसपी गौतमले बताउनुभयो।

## १८ वर्ष कैद सजाय पाएका प्रतिवादी कलैयाबाट पक्राउ

कलैया, ७ असोज/अपहरण, शरीरबन्धक तथा जबरजस्ती करणी मुद्दामा अदालतबाट १८ वर्ष कैद सजाय तोकिएका एक प्रतिवादीलाई बारा प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा रौतहट कटहरिया नगरपालिका( ७ बगही टोलका २३ वर्षीय अफरोज अंसारी रहेका छन्।

अंसारीलाई कलैया उपमहानगरपालिका( ६ स्थित बजार क्षेत्रबाट बुधबार पक्राउ गरिएको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिनुभयो। घलेका अनुसार अंसारीलाई बारा जिल्ला अदालत पेश गरी अदालतको आदेशअनुसार सजाय भुक्तानका लागि वीरगञ्ज कारागार पठाइएको छ। १२ वर्षीया नाबालिकामाथि अपहरण, शरीरबन्धक तथा जबरजस्ती करणी अभियोगमा अदालतले अंसारीलाई १८ वर्ष कैद, ६ लाख जरिवाना र अपराध पीडित राहत कोषमा २४ हजार भराउने फैसला गरेको थियो। उच्च अदालतका न्यायाधीस जगतबहादुर थापा र दुर्गाप्रसाद ढुङ्गेलको संयुक्त इजलाशले २०८२ पुस २४ गते उक्त फैसला गरेको थियो।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# भीभीआईपी तामझामको विकल्पमा सादगी

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा भाग लिन अमेरिका प्रस्थान गर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जे(जस्तो दृश्य देखियो, त्यसले नेपाली राजनीतिमा लामो समयदेखि जकडिएको 'सामन्ती शैली' को भीभीआईपी संस्कृतिमाथि ठूलो प्रहार गरेको छ ।

विगतमा राष्ट्रप्रमुख वा सरकारप्रमुख विदेश जाँदा विमानस्थल ठप्प पार्ने, रातो कार्पेट ओछ्याउने, नेपाली सेनाको सलामी (गार्ड अफ अनर) लिने र मन्त्री, सांसद तथा उच्चपदस्थ कर्मचारीहरूको लावालस्कर लगाएर बिदाइ गर्ने तामझाम एउटा स्थापित विकृति बनिसकेको थियो ।

तर, यसपटक प्रधानमन्त्री शाहले ती सबै परम्परावादी र भड्किला कृत्यहरूलाई अस्वीकार गर्दै बिनाकुनै तामझाम, सामान्य नागरिक सरह विमानस्थल पुगेर विदेश यात्रा तय गरे। यो कदम नेपाली राजनीतिक नेतृत्वका लागि एउटा बलियो र अनुकरणीय पाठ हो ।

विमानस्थलमा भीभीआईपी कक्ष (लाउन्ज) को प्रयोग नगर्नु, सैनिक सलामी नलिनु र कसैलाई बिदाइका लागि आमन्त्रण नगर्नु केवल एउटा सांकेतिक निर्णय मात्र होइन; बरु यो शासकीय शैलीमा आउनुपर्ने आधुनिक र जनमुखी परिवर्तनको संकेत हो। नेपालजस्तो आर्थिक रूपमा चुनौतीपूर्ण अवस्थामा रहेको मुलुकका शासकहरूले देखाउने फजुल खर्चिलो र भड्किलो विदाई संस्कारले आम जनतामा सधैँ आक्रोश मात्रै पैदा गर्थ्यो ।

अझ हालै भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण देश शोकमा रहेको र नागरिक पीडामा रहेको यस घडीमा राज्यका कार्यकारी प्रमुखले देखाएको यो सादगी र संवेदनशीलता प्रशंसायोग्य छ ।

नेतृत्व भनेको भाषण र कागजी योजनामा मात्र होइन, व्यवहार र आचरणमा देखिनुपर्छ। प्रधानमन्त्री शाहले आफ्नो पहिलो विदेश भ्रमणमै स्थापित गलत राजनीतिक संस्कारलाई तोड्ने आँट गर्नुभयो। भीभीआईपीहरूको अनावस्यक सवारी र तामझामका कारण विमानस्थलमा सर्वसाधारणले भोग्नुपर्ने सास्ती र उडानहरू प्रभावित हुने समस्याबाट यसपटक जनताले पनि मुक्ति पाए ।

राज्यको स्रोत(साधनको अपव्यय रोक्दै जनता र शासकबीचको दूरी घटाउन यस्ता अभ्यासहरू नियमित र संस्थागत हुन जरुरी छ। आगामी दिनमा अन्य नेता तथा उच्चपदस्थ अधिकारीहरूले पनि यो सकारात्मक प्रवृत्तिको सिको गर्दै राज्यलाई कम भार पर्ने र जनतालाई सास्ती नहुने परिपाटी बसाल्नु नै आजको आवश्यकता हो ।

# डिजिटल सरल श्रम प्रशासन



- विप्रेषणबाट अर्थतन्त्रलाई टेवा दिएकाले श्रमिकको सुरक्षा महत्त्वपूर्ण
- व्यवसायमा पारदर्शिता, जिम्मेवारी र व्यावसायिकता अपरिहार्य
- वैदेशिक रोजगारका सबै सेवा डिजिटल प्रणालीमा लगिँदै छन्



नवराज ढकाल

नेपालको वैदेशिक रोजगार गाउँदेखि सहरसम्म धेरै परिवारको जीवनसँग प्रत्यक्ष जोडिएको छ । वैदेशिक रोजगारीमा गएका युवाको श्रमबाट परिवारको आय बढेको छ, बालबालिकाको शिक्षा र स्वास्थ्यमा खर्च गर्न सहज भएको छ । घरपरिवारको जीवनस्तरमा सुधार आएकाले देशको सामाजिक विकास सूचकाङ्क उल्लेख्य रूपमा बढ्नुका साथै विप्रेषण आप्रवाहले नेपालको अर्थतन्त्रलाई समेत विशेष योगदान दिएको छ । विप्रेषण र विदेश जाने श्रमिकको सङ्ख्याका अलावा श्रमिकले रोजगारीमा जान गरेको खर्च, करार अनुसारको काम, तोकिए अनुसारको पारिश्रमिक, सुरक्षित कार्यस्थल र समस्या पर्दा राज्य तथा सम्बन्धित संस्थाबाट पाएको सहयोगलगायतका विषय पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । त्यसैले आजको आवश्यकता धेरै नेपालीलाई विदेश पठाउने भन्दा पनि वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र लाभदायी बनाउनु एवं दीर्घकालमा स्वदेशमा नै रोजगारीको सिर्जना गरी विदेशमा काम गर्न जान नपर्ने व्यवस्था गर्नु पनि हो ।

### रोजगारीको बदलिँदो स्वरूप

नेपालीहरू गोर्खा सैनिकका रूपमा विदेशमा सेवा गर्ने, भारतमा रोजगारीका लागि जाने क्रमबाट वैदेशिक श्रम आप्रवासनको सुरुवात भयो । पछिल्ला दशकमा यसको स्वरूप निकै परिवर्तन भएको छ । सन् १९९० को दशकपछि खाडी मुलुक र मलेसियामा निर्माण, सेवा, सुरक्षा तथा अन्य क्षेत्रमा नेपाली श्रमिकको माग बढेसँगै संस्थागत वैदेशिक रोजगार विस्तार भयो। कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, मलेसियालगायतका मुलुक नेपाली श्रमिकका प्रमुख गन्तव्य बने। पछिल्लो समय दक्षिण कोरिया, जापान, युरोप इजरायल तथा अन्य देश पनि नेपाली श्रमिकका नयाँ गन्तव्यका रूपमा थपिँदै गएका छन् ।

वैदेशिक रोजगारलाई व्यवस्थित गर्न कानुनी र संस्थागत संरचना पनि विकास हुँदै आएको छ । वैदेशिक रोजगार ऐन, २०६४ वैदेशिक रोजगार नियमावली २०६४ तथा अन्य नीतिगत तथा कानुनी प्रबन्धले प्रशासनिक र कानुनी व्यवस्थापन गर्न सहज भएको छ। वैदेशिक रोजगारसम्बन्धी कामलाई व्यवस्थित गर्न वैदेशिक रोजगार विभाग स्थापना भई विभागको जिम्मेवारी श्रम स्वीकृतिमा मात्र सीमित नभई इजाजत पत्रवाला म्यानपावर कम्पनीको नियमन, अनुगमन, उजुरी व्यवस्थापन, ठगी नियन्त्रण तथा अन्य विभिन्न काममा यसको महत्वपूर्ण भूमिका छ ।

### अर्थतन्त्रमा ठुलो योगदान

वैदेशिक रोजगारको सबैभन्दा ठुलो आर्थिक योगदान विप्रेषण हो; यसले देशमा विदेशी मुद्रा भित्र्याउन र बाह्य क्षेत्रलाई स्थिर राख्नसमेत योगदान पुऱ्याएको छ । विदेशबाट फर्किएका श्रमिकसँग सिप, अनुभव, काम गर्ने संस्कार, नयाँ प्रविधिको ज्ञान र उद्यम गर्ने क्षमता पनि आउँछ । त्यसैले वैदेशिक रोजगारबाट प्राप्त लाभलाई विप्रेषणमा मात्र सीमित नराखी सिप र पूँजीलाई पनि स्वदेशको उत्पादन र रोजगारीसँग जोड्न आवश्यक छ ।

वैदेशिक रोजगारमा सरकार, श्रमिकदेखि म्यानपावर कम्पनी, व्यवसायी सङ्घ, स्वास्थ्य संस्था, अभिमुखीकरण संस्था, बिमा कम्पनी, बैङ्क तथा वित्तीय संस्था, वैदेशिक रोजगार बोर्ड, नेपाली नियोग र विदेशी रोजगारदातासम्म धेरै पक्ष जोडिएका हुन्छन् । म्यानपावर कम्पनी, विदेशी रोजगारदाता र नेपाली श्रमिकबिच महत्वपूर्ण माध्यम हुन् । वास्तविक रोजगारदाता र सही रोजगारको पहिचान गर्ने, श्रमिक छनोट गर्ने, करारबारे जानकारी दिने र विदेश पुगेपछि समस्या परेमा आवश्यक सहजीकरण गर्ने जिम्मेवारी व्यवसायीले लिन सक्छन् । केही गलत अभ्यासका कारण सम्पूर्ण म्यानपावर व्यवसायलाई एउटै दृष्टिले हेर्नु उचित हुँदैन । असल व्यवसायीलाई प्रोत्साहन र गलत काम गर्नेलाई कारबाही गर्ने नीति उपयुक्त हुन्छ । स्वास्थ्य परीक्षण पनि वैदेशिक रोजगारको महत्वपूर्ण चरण हो। स्वास्थ्य परीक्षणको उद्देश्य केवल 'फिट वा अनफिट' प्रमाणपत्र दिनु मात्र नभई श्रमिकको स्वास्थ्य अवस्था पहिचान गर्नु र कामको प्रकृति अनुसार आवश्यक स्वास्थ्य मापदण्ड पूरा भएको सुनिश्चित गर्नु हो। स्वास्थ्य परीक्षणमा गुणस्तर, पारदर्शिता र विश्वसनीयता कायम गर्नु आवश्यक छ । पूर्वप्रस्थान अभिमुखीकरणलाई पनि औपचारिक प्रमाणपत्र लिने प्रक्रियाका रूपमा मात्र लिनु हुँदैन । श्रमिकलाई सम्बन्धित देशको कानुन, भाषा, संस्कृति, कामको प्रकृति, पारिश्रमिक, करार, कार्यस्थलको सुरक्षा, अधिकार तथा समस्या पर्दा सम्पर्क गर्ने निकायबारे व्यावहारिक जानकारी दिन सकिएमा विदेशमा हुने धेरै समस्या कम गर्न सकिन्छ। बिमा, बैङ्क तथा वित्तीय संस्था र सामाजिक सुरक्षाको पनि महत्वपूर्ण भूमिका हुन्छ । बिमाले दुर्घटना, मृत्यु तथा अन्य जोखिममा श्रमिक र परिवारलाई आर्थिक सुरक्षा दिन सक्छ। बैङ्क तथा वित्तीय संस्थाले विदेशमा कमाएको रकम सुरक्षित रूपमा परिवारसम्म पुऱ्याउन र बचत तथा लगानीमा जोड्न सहयोग गर्न सक्छन् । यसरी हेर्दा वैदेशिक रोजगारलाई श्रम स्वीकृतिमा मात्र सीमित नराखी श्रमिक विदेश जाने तयारीदेखि स्वदेश फर्किएपछिसम्मको सम्पूर्ण यात्रासँग जोडेर हेर्न उपयुक्त हुन्छ।

### मर्यादित वैदेशिक रोजगार

वैदेशिक रोजगारको सफलता केवल पठाएका श्रमिकको सङ्ख्याबाट मात्र मापन हुनु हुँदैन। श्रमिकको सुरक्षा, करार अनुसारको काम र पारिश्रमिक, गुनासोको सम्बोधन तथा समग्र सन्तुष्टि नै यसको मुख्य आधार बन्नु पर्छ । यसका लागि म्यानपावर व्यवसायमा पारदर्शिता, जिम्मेवारी र व्यावसायिकता अपरिहार्य छ । भर्ती प्रक्रियामा लाग्ने लागत स्पष्ट र डिजिटल हुनु पर्छ भने लुकेको शुल्क पूर्ण रूपमा बन्द गरिनु पर्छ। नक्कली मागपत्र, अतिरिक्त शुल्क, मानव तस्करी र करार उल्लङ्घन जस्ता गतिविधिमा शून्य सहनशीलताको नीति अपनाउनु पर्छ । राम्रो काम गर्ने संस्थालाई प्रोत्साहन र सम्मानित गर्नुका साथै कानुनविपरीत काम गर्नेलाई कडा निगरानी र निष्पक्ष कारबाही गर्नु पर्छ । व्यावसायिक छाता संस्थाले पनि आचारसंहिता लागु गराउन नेतृत्वदायी भूमिका खेल्नु पर्छ । यस किसिमको नीतिले म्यानपावर व्यवसायको सामाजिक प्रतिष्ठा बढाउनुका साथै वैदेशिक रोजगारीमा जाने श्रमिकको अधिकार र सुरक्षालाई पूर्ण रूपमा सुनिश्चित गर्ने छ ।

### डिजिटल समन्वय र नियमन

वैदेशिक रोजगार क्षेत्रको आकार बढ्दै गएको अवस्थामा वैदेशिक रोजगार विभागको कार्यप्रणालीमा पनि समय अनुसार सुधार गरिँदै आएको छ । विभागलाई पारदर्शी, सरल, छिटो र जिम्मेवार बनाउन श्रम स्वीकृतिदेखि उजुरी समाधानसम्मका काम सकेसम्म अनलाइनबाट गर्न सकिने व्यवस्था सुरु भएको छ। श्रमिकले आफ्नो आवेदनको अवस्था मोबाइलबाटै हेर्न सक्ने, आवश्यक कागजातबारे जानकारी पाउने र अनावश्यक रूपमा कार्यालय धाउन नपर्ने व्यवस्थाका लागि विभिन्न सफ्टवेयर प्रणालीको प्रयोग भइरहेको छ । म्यानपावर कम्पनीको इजाजत, मागपत्र, गुनासो र कारबाहीसम्बन्धी आधारभूत विवरण सार्वजनिक गर्न सके श्रमिकलाई सही कम्पनी छनोट गर्न पनि सहयोग पुग्छ ।

प्रत्येक श्रमिकको श्रम स्वीकृति, स्वास्थ्य परीक्षण, अभिमुखीकरण, बिमा र रोजगारसम्बन्धी विवरण सुरक्षित रूपमा एउटै डिजिटल प्रणालीमा राख्न र उजुरी गरेपछि त्यसको अवस्था कहाँ पुगेको छ भन्ने जानकारी पनि अनलाइनबाट हेर्न सकिने व्यवस्थाका लागि एकीकृत डिजिटल प्रणाली विकासको कामका लागि मन्त्रालयले सरोकारवाला निकायसँग समन्वय गरिरहेको छ। विभागले सबै संस्थालाई समान रूपमा अनुगमन गर्नुभन्दा बढी गुनासो र समस्या देखिएका संस्थामा बढी ध्यान दिने, राम्रो काम गर्ने संस्थालाई प्रोत्साहन र समस्या मात्र सिर्जना गर्ने तथा अवाञ्छित गतिविधि गर्ने संस्थालाई जोखिम र कसुरका आधारमा नियमानुसार कडा नियमन गर्ने पद्धति विकास गरिसकेको छ । कर्मचारीले गरेको काम र निर्णयको स्पष्ट अभिलेख राखी सेवामा हुने ढिलाइ र अनियमितता घटाउन प्रत्येक सेवाका लागि लाग्ने समय स्पष्ट गरी सोही अनुसार सेवा दिने व्यवस्था गर्नु विभागले नेपाल सरकारको तत्काल सुधार कार्ययोजनाबमोजिमका कार्य अघि बढाएको छ ।

### अबको लक्ष्य

अब वैदेशिक रोजगारको सफलता 'कति जना विदेश गए ?' भन्ने प्रश्नले मात्र मापन नगरी कति जना सिपयुक्त भएर गए, कतिले उचित पारिश्रमिक पाए, कतिले करार अनुसार काम पाए, कति सुरक्षित रहे र फर्किएपछि कति जनाले आफ्नो सिप तथा कमाइलाई स्वदेशमा उपयोग गर्न सके भन्ने कुरासमेत हेर्न आवश्यक छ। वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित बनाउनु आजको आवश्यकता हो । म्यानपावर व्यवसायीलाई जिम्मेवार र सम्मानित व्यवसायका रूपमा विकास गर्ने, वैदेशिक रोजगारसम्बन्धी कुनै पनि सेवामा एकाधिकार तथा प्रतिस्पर्धा सङ्कुचन हुने अवस्था सिर्जना हुन नदिने स्वास्थ्य तथा अभिमुखीकरण संस्थाको गुणस्तर बढाउने, वैदेशिक रोजगारका सन्दर्भमा श्रमिकले कुनै पनि बिचौलियाको सम्पर्कबिना नै प्रशासनिक काम सम्पन्न गर्न सक्ने वातावरण बनाउन प्रविधिको प्रयोग बढाउने र श्रमिकमैत्री सेवा प्रवाह गर्ने र वैदेशिक रोजगार विभागलाई पारदर्शी, प्रविधिमैत्री तथा जवाफदेही बनाई श्रम आप्रवासनलाई थप व्यवस्थित गर्नु आजको कार्यभार हो ।

अन्ततः हाम्रो लक्ष्य धेरैभन्दा धेरै श्रमिक विदेश पठाउनु मात्र होइन, सुरक्षित रूपमा पठाउने, उचित लागतमा पठाउने, सिपयुक्त बनाउने, विदेशमा समस्या पर्दा सहयोग गर्ने र फर्किएपछि उनीहरूको सिप तथा पुँजीलाई स्वदेशको विकासमा उपयोग गर्ने प्रणाली निर्माण गर्नु हो। त्यसपछि मात्र वैदेशिक रोजगारलाई बाध्यताबाट अवसरमा रूपान्तरण गर्न सकिन्छ । विदेशमा नेपाली श्रमिकले गरेको श्रमको सम्मान, राज्यको जिम्मेवारी र व्यवसायीको इमानदारी जोडिएर मात्र सुरक्षित, मर्यादित र लाभदायी वैदेशिक रोजगारको आधार तयार हुन सक्छ ।

**साभार:गोरखापत्र**



# नेपालको सार्वजनिक ऋण झण्डै ३० खर्ब

काठमाण्डौ ७ असोज/नेपाल सरकारले तिर्नुपर्ने कुल सार्वजनिक ऋण झण्डै ३० खर्ब रुपैयाँ पुगेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार, चालु आर्थिक वर्षको पहिलो दुई महिना अर्थात् भदौ मसान्तसम्ममा कुल सार्वजनिक ऋण २९ खर्ब ७३ अर्ब ५ करोड रुपैयाँ पुगेको हो । असार मसान्तको तुलनामा भने भदौमा सार्वजनिक ऋण केही घटेको छ ।

सरकारले नयाँ लिएको ऋणभन्दा पुरानो ऋणको सावाँ भुक्तानी बढी गरेकाले कुल ऋणको आकार घटेको हो । यस अवधिमा सरकारले ६१ अर्ब ५ करोड नयाँ ऋण लिएको छ भने, ७० अर्ब १३ करोड रुपैयाँ सावाँ भुक्तानी गरेको छ ।

कुल ऋणमध्ये आन्तरिक ऋण १३ खर्ब ६१ अर्ब ८७ करोड र बाह्य ऋण १६ खर्ब ११ अर्ब १८ करोड रुपैयाँ रहेको छ । नेपालको कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५ दशमलव ०५ प्रतिशत पुगेको छ ।

चालु आर्थिक वर्षमा सरकारले ६ खर्ब ५८ अर्ब रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । जसमध्ये भदौ मसान्तसम्ममा वार्षिक लक्ष्यको झण्डै ९ प्रतिशत अर्थात् ६१ अर्ब ५ करोड रुपैयाँ ऋण लिइएको छ । ऋण परिचालनमा आन्तरिक ऋणको हिस्सा झण्डै ८२ प्रतिशत र बाह्य ऋणको हिस्सा १८ प्रतिशत रहेको छ ।

# सतर्क रहन प्रधानमन्त्री शाहको अनुरोध

काठमाण्डौ ७ असोज/आउँदो शुक्रबारदेखि आइतबारसम्म मौसम प्रतिकूल रहने भन्दै प्रधानमन्त्री बालेन्द्र शाहले नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गर्नुभएको छ ।

अमेरिकामा रहनु भएका प्रधानमन्त्री शाहले आज सामाजिक सञ्जालमार्फत मौसमजन्य विपदबाट जोगिन, पूर्वतयारी गर्न र सम्बन्धित निकायका सूचनालाई ध्यान दिन आग्रह गर्नुभएको हो ।

जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानअनुसार असोज ९ गतेदेखि ११ गतेसम्म देशका धेरै स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित वर्षा हुने सम्भावना छ ।

प्रधानमन्त्री शाहले वर्षा भइरहेको बेला र रातिको समयमा राजमार्ग हुँदै यात्रा नगर्न पनि आग्रह गर्नुभयो । यस्तै, पदयात्रा तथा हिमाली क्षेत्रको भ्रमण



मौसममा सुधार नआएसम्म स्थगित गर्नसमेत प्रधानमन्त्रीले आग्रह गर्नुभएको छ ।

जल तथा मौसम विज्ञान विभाग र स्थानीय प्रशासनले जारी गर्ने आधिकारिक सूचना नियमित रूपमा हेर्न र सोहीअनुसार आवश्यक सावधानी अपनाउनसमेत उहाँको आग्रह छ ।

# राष्ट्रसंघ महासभामा महासचिव गुटेरेसद्वारा नेपालको हिमाली संकटको चर्चा

काठमाण्डौं,७ असोज/संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपालका हिमालहरूमा तीव्र गतिमा हिमनदी पग्लिरहेको विषयमा आफूले तीन वर्षअघि दिएको चेतावनी अहिले यथार्थमा परिणत भएको बताउनुभएको छ ।

न्यूयोर्कमा चलिरहेको संयुक्त राष्ट्रसंघको महासभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै महासचिव गुटेरेसले नेपालसहित जलवायु परिवर्तनको उच्च जोखिममा परेका निर्दोष देशहरूको मुद्दा जोडदार रूपमा उठाउनुभएको हो । तीन वर्षअघि नेपाल भ्रमणका क्रममा हिमाली क्षेत्रको संकटबारे चेतावनी दिंदा धेरैले यसलाई बढाइचढाइ भनेको स्मरण गर्दै उहाँले भन्नुभयो, 'नेपालबाट विश्वको छानो खसिरहेको छ भन्दा सुरुमा पत्याइएन, तर आज यसको गम्भीर असर अपेक्षाभन्दा तीव्र र व्यापक रूपमा देखिइसकेको छ ।'

महासचिव गुटेरेसले कार्बन उत्सर्जनमा न्यून भूमिका भएका नेपाल जस्ता देशहरूले अरूकै कारण ठूलो क्षति व्यहोर्नु परेको भन्दै यो अन्तरपुस्ता अन्याय भएको उल्लेख गर्नुभयो । प्रदूषकले नै मूल्य चुकाउनुपर्छ भन्ने



सिद्धान्त दोहोऱ्याउँदै उहाँले बढी उत्सर्जन गर्ने विकसित र धनी राष्ट्रहरूलाई क्षतिपूर्ति बढाउन आग्रह गर्नुभयो । अहिलेको जलवायु क्षतिपूर्ति कोष निकै सानो र अपर्याप्त रहेको भन्दै महासचिव गुटेरेसले विकसित देशहरूलाई अनुकूलन वित्त तीन गुणाले बढाउन र कोषलाई ठूलो तथा प्रभावकारी बनाउन आह्वान गर्नुभयो ।

नेपालले पनि अन्तर्राष्ट्रिय मञ्चहरूमा निरन्तर जलवायु न्याय र क्षतिपूर्तिको माग उठाउँदै आएको सन्दर्भमा राष्ट्रसंघ प्रमुखको यो भनाइलाई निकै महत्वका साथ हेरिएको छ ।

# वामपन्थी एकता संख्या जोड्ने अभियान मात्रै होइन : योगेश भट्टराई

काठमाडौं ७ असोज/नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले वामपन्थी एकतालाई संख्या जोड्ने अभियान मात्रै नभएको बताउनुभएको छ ।

पार्टी केन्द्रीय समिति बैठकमा लिखित दस्तावेज प्रस्तुत गर्दै भट्टराईले यसअघि भएका एकताको वस्तुनिष्ठ र निर्मम समीक्षा हुनु आवश्यक भएको उल्लेख गर्नुभएको छ ।

साझा वैचारिक धरातल, कार्यक्रम र राजनीतिक उद्देश्यका आधारमा पुनर्गठित कम्युनिस्ट शक्तिहरूसँग जबजको वैचारिक आधार र नेकपा (एमाले) को नेतृत्वदायी भूमिकामा सहकार्य, संयुक्त मोर्चा र क्रमिक एकीकरणको प्रक्रिया अघि बढाइनुपर्ने उहाँको भनाइ छ ।

'एकता संख्या जोड्ने अभियान मात्र होइन; विचार, संगठन, नेतृत्व र जनविश्वास जोड्ने ऐतिहासिक प्रक्रिया बन्नुपर्दछ,' भट्टराईले भन्नुभएको छ ।

नेपाली वामपन्थी आन्दोलनले लामो यात्रामा फुट, विभाजन र विखण्डनका अनेक नकारात्मक अनुभव व्यहोरेको उहाँले दस्तावेजमा उल्लेख गरेका छन् भने केही सकारात्मक दृष्टान्त पनि उहाँले उल्लेख गर्नुभएको छ ।

'२०७५ सालमा भएको एमाले(माओवादी एकतालाई 'ऐतिहासिक र महान्' भनिएको थियो । तर पर्याप्त वैचारिक, सांगठनिक र राजनीतिक तयारीबिना गरिएको उक्त एकताले अपेक्षित स्थायित्व हासिल गर्न सकेन । त्यसको वस्तुनिष्ठ र निर्मम समीक्षा हुनु आवश्यक छ,' उहाँले भन्नुभएको छ ।

जननेता मदन भण्डारीले पाँचौं राष्ट्रिय महाधिवेशनमा संयुक्त मोर्चा, वामपन्थी एकता र एकीकरणबारे प्रस्तुत गर्नुभएको दृष्टिकोणलाई आजको बदलिंदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिअनुकूल परिस्कृत र विकसित गर्नुपर्ने उहाँको भनाइ छ । 'विगतको अनुभवले हामीलाई एउटा स्पष्ट शिक्षा दिएको छ, हतारमा गरिएको एकताले अपेक्षित परिणाम दिँदैन,' भट्टराईले आफ्नो दस्तावेजमा भन्नुभएको छ ।

## देशभर ३ दिनसम्म...

गरेको हो ।

सरकारले तीन दिनसम्म नदीहरूको अवस्था र सम्भावित विपदको जोखिमका बारेमा हरेक घण्टा अध्यावधिक सूचना दिने भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सम्भावित बाढी र पहिरोबाट हुने क्षतिको जोखिम घटाउन पूर्वसूचना प्रणालीलाई चुस्त बनाइएको हो । जल तथा मौसम विज्ञान विभाग र बाढी पूर्वानुमान महाशाखासँगको समन्वयमा नदीको अवस्था निरन्तर अनुगमन गरिने प्राधिकरणका कार्यकारी प्रमुख धर्मराज उप्रेतीले जानकारी दिनुभयो ।

सम्भावित जोखिमयुक्त क्षेत्रका नागरिकको मोबाइलमा एसएमएस अलर्ट पठाइने भएकाले त्यसलाई गम्भीरतापूर्वक लिन उहाँले आग्रह गर्नुभयो । तीव्र मौसमी फेरबदलका कारण उच्च हिमाली क्षेत्रमा अत्यधिक हिमपातको सम्भावना देखिएकाले रेड अलर्ट जारी गरिएको छ ।

जोखिमयुक्त क्षेत्रमा रहेका पर्यटकहरूलाई तत्काल सुरक्षित ठाउँमा जान र ट्राभल एजेन्सीहरूलाई नयाँ बुकिङ नगर्न एडभाइजरी जारी गरिएको छ। शुक्रबार र शनिबार अतिआवश्यक नपरी यात्रा नगर्न प्राधिकरणको आग्रह छ । यस्तै सडक खुलाउन मुख्य राजमार्गहरूमा डोजरहरू तयारी अवस्थामा राखिएको उहाँले बताउनुभयो । साथै, बाढी आएका बेला टिकटक बनाउन, भिडियो खिच्न वा खोलामा दाउरा सङ्कलन गर्न नजान प्राधिकरणले कडा चेतावनी दिएको छ ।

देशभरका सुरक्षा निकायलाई हाई अलर्टमा राखिएको र ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूमार्फत प्रतिकार्यको तयारी तीव्र पारिएको प्राधिकरणका कार्यकारी निर्देशक धर्मराज उप्रेतीले जानकारी दिनुभयो । यस्तै सरकारले पाकेको धान बाली र अन्न जोगाउन किसानहरूलाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ ।

## कान्तिराजमार्ग...

बेलुका ५ बजेसम्म मात्र चौघडाबाट काठमाण्डौबाट गाडी चल्न दिइनेछ । त्यस्तै, भैंसे(भीमफेदी(देउराली(कुलेखानी सडक खण्डमा बिहान ५ बजेदेखि बेलुका ५ बजेसम्म हेटौंडाको चौकी टोलबाट काठमाडौंतर्फ तथा फाखेलको हर्माने र सिस्नेरीको रामचन्द्र भञ्ज्याङबाट हेटौंडातर्फ सवारी प्रस्थान गर्न दिइने उहाँले बताउनुभयो ।

सुवेदीका अनुसार कान्ति राजमार्ग र भैंसे(भीमफेदी(देउराली(कुलेखानी सडक खण्डमा बेलुका ७ बजेपछि रातिको समयमा गाडी आवागमन पूर्ण रूपमा बन्द गरिनेछ ।

यसैबीच भारी वर्षाको समयमा कुलेखानी जलाशयको पानीको सतह बढ्न सक्ने भएकाले जलाशयसँगै त्यसको तल्लो तटीय क्षेत्रलाई समेत उच्च निगरानीमा राखिएको छ । जलाशयमा पानीको अवस्था, माथिल्लो क्षेत्रमा भइरहेको वर्षा र सम्भावित पानीको बहावलाई ध्यानमा राखेर आवश्यक निर्णय लिने तयारी गरिएको हो ।

प्रशासनले वर्षाको समयमा नदी, खोला तथा जलाशय आसपासका क्षेत्रमा अनावश्यक रूपमा नजान सर्वसाधारणलाई समेत आग्रह गरेको छ । विशेषगरी रातको समयमा पहाडी सडक तथा खोला आसपास यात्रा गर्दा जोखिम अझ बढ्न सक्ने भएकाले मौसमको अवस्था बुझेर मात्र यात्रा गर्न प्रशासनको सुझाव छ ।

असोज ९ देखि ११ गतेसम्मको वर्षाको अवधिलाई विशेष जोखिमको समय मानेर मकवानपुरमा पूर्वतयारीलाई तीव्र बनाइएको छ । प्रशासनले नागरिकलाई मौसमसम्बन्धी आधिकारिक सूचना हेर्न, जोखिमयुक्त क्षेत्रमा नजान र अत्यावश्यक अवस्थामा बाहेक लामो दूरीको यात्रा नगर्न आग्रह गरेको छ ।

## भोटेकोशीबाटीका...

तथा सिंचाईमन्त्री विराजभक्त श्रेष्ठले विपद्का कारण राष्ट्रिय प्रशारण प्रणालीबाट ४ सय १० मेगावाट विद्युत् गुमेको र समग्र ऊर्जा क्षेत्र पुनः उत्थानमा झण्डै ३ खर्ब ९० अर्ब रुपैयाँभन्दा बढी चाहिने प्रारम्भिक अनुमान पेस गर्नुभयो ।

माथिल्लो त्रिशूली(१, श्री(ए र रसुवागढी लगायतका आयोजनाहरू बाढीबाट बढी प्रभावित भएका छन् । भौतिक संरचनातर्फ ११ वटा विद्युत् केन्द्र बन्द भएका छन् भने ६ वटा निर्माणाधीन आयोजनामा गम्भीर क्षति पुगेको छ । सरकारले बेपत्ता प्राधिकरणका कर्मचारीका आश्रित परिवारलाई तत्काल ५ लाख रुपैयाँ राहत र ६ महिनासम्म आधा तलब उपलब्ध गराउने घोषणा गरेको छ ।

साथै प्रभावित ग्राहकलाई महसुल मिनाहा र निःशुल्क मिटर दिने व्यवस्था गरिएको छ । रसुवा र नुवाकोट लगायतका क्षेत्रमा वैकल्पिक ऊर्जाबाट विद्युत् पुनः सञ्चालन गर्ने प्रयास भइरहेको छ ।






# मेयर यादव विरूद्धको भ्रष्टाचारसम्बन्धी मुद्दा सर्वोच्चद्वारा पनि सदर




रौतहट, ७ असोज/फतुवा विजयपुर नगरपालिकाका निलम्बित मेयर गोपाल राय यादवविरुद्ध विशेष अदालतले सुनाएको भ्रष्टाचारसम्बन्धी फैसला सर्वोच्च अदालतले पनि सदर गरेको छ ।

लालबकैया नदीको ढुंगा, गिट्टी तथा बालुवा ठेक्का प्रकरणमा विशेष अदालतको फैसलाविरुद्ध यादवले दिएको पुनरावेदन सर्वोच्च अदालतले सोमबार अस्वीकार गरेको हो । न्यायाधीश सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको संयुक्त इजलासले पुनरावेदनका लागि पर्याप्त आधार नदेखिएको भन्दै विशेष अदालतको फैसला कायम राखेको हो ।

सर्वोच्चको आदेशसँगै यादवलाई सुनाइएको तीन वर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना कायम भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७५/७६ मा लालबकैया नदीको नदीजन्य पदार्थको ठेक्का प्रक्रियामा अनियमितता भएको दाबी गर्दै यादवसहित २१ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। ठेक्का प्रक्रियाबाट स्थानीय तहलाई एक करोड ५३ लाख रुपैयाँभन्दा बढी नोक्सानी भएको अख्तियारको दाबी थियो ।

विशेष अदालतले यादवलाई मात्र दोषी ठहर गरेको थियो भने मुद्दामा प्रतिवादी बनाइएका अन्य २० जनालाई सफाइ दिएको थियो । लालबकैया नदीको ठेक्का फतुवा विजयपुर र गुजरा नगरपालिकाले संयुक्त रूपमा लगाउने तथा त्यसबाट प्राप्त आम्दानी ६० र ४० प्रतिशतका आधारमा बाँडफाँट गर्ने व्यवस्था थियो ।

सर्वोच्च अदालतबाट समेत फैसला कायम भएपछि यादवमाथिको भ्रष्टाचार मुद्दामा कानुनी रूपमा थप राहतको बाटो तत्काल बन्द भएको छ । यसैबीच, आगामी स्थानीय तह निर्वाचनमा यादवले आफ्नो राजनीतिक प्रभाव कायम राख्न छोरालाई उम्मेदवार बनाउने तयारी गरिरहेको चर्चा स्थानीय राजनीतिक वृत्तमा चलेको छ । यद्यपि, छोरालाई उम्मेदवार बनाउने विषयमा यादव वा सम्बन्धित राजनीतिक पक्षबाट औपचारिक घोषणा भने भइसकेको छैन ।

# गौरमा ५० लाखभन्दा बढीको मोबाइल सामग्री बरामद

रौतहट ७ असोज/रौतहटको गौर नगरपालिका( ४ टिकुलियास्थित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का स्थानीय नेता भोला साहको घरबाट सशस्त्र प्रहरीले करिब ५० लाख रुपैयाँ बराबरको मोबाइलसँग सम्बन्धित सामग्री बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालयबाट प्राप्त विशेष सूचनाका आधारमा नं. ११ गण हेडक्वार्टर रौतहटका गणपति सशस्त्र प्रहरी उपरीक्षक चेतराज जोशीको कमाण्डमा टोली परिचालन गरिएको थियो ।

सशस्त्र प्रहरीका अनुसार ४५ जना सुरक्षाकर्मी तथा गौर भन्सार कार्यालयका प्रतिनिधिहितको टोलीले साहको घरमा खानतलासी गर्दा लुकाइछिपाइ राखिएको अवस्थामा मोबाइलका विभिन्न स्पेयर तथा अन्य सामग्री फेला परेको हो ।

बरामद सामग्रीको अनुमानित मूल्य ५० लाख १४ हजार ५०० रुपैयाँ रहेको जनाइएको छ । सो क्रममा तीन थान मोटरसाइकल समेत नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ । यद्यपि अर्को प्रकाशित विवरणमा मोटरसाइकलको संख्या दुई थान उल्लेख गरिएको छ ।

बरामद सामग्री तथा नियन्त्रणमा लिइएका मोटरसाइकल आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रियाका लागि गौर भन्सार कार्यालय, रौतहटमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# सर्लाहीको बागमतीबाट सिन्धुलीको हरिहरपुरगढी जोड्ने सडक पहिरोले अवरुद्ध

सर्लाही, ७ असोज/सर्लाहीको बागमती र सिन्धुलीको हरिहरपुरगढी जोड्ने सडक पहिरोका कारण अवरुद्ध भएको छ । गत शनिबार वर्षासँगै गएको पहिरोबाट बागमती नगरपालिका( ११ का विभिन्न तीन स्थानमा सडक पुरिएको हरिहरपुरगढी गाउँपालिका( ६ का वडाध्यक्ष एकबहादुर मोक्तानले बताउनुभयो ।

पहिरोले सडकमा क्षति पुऱ्याएसँगै त्यस खण्ड भएर चल्ने यातायातका साधन ठप्प भएका छन् । सडक बन्द भएपछि बिरामीलाई अस्पतालसम्म लैजानसमेत समस्या उत्पन्न भएको छ ।

अन्तरप्रदेशस्तरीय उक्त सडकले पूर्व(पश्चिम लोकमार्ग र मदन भण्डारी लोकमार्गलाई जोड्छ । कमैया( पिपलमाडी १६ किलोमिटर क्षेत्रमा सडक अवरुद्ध भएपछि यात्री पैदल नै हिँड्न बाध्य भएका छन् ।

सडक अवरुद्ध भएपछि हरिहरपुरगढी गाउँपालिका क्षेत्रका विभिन्न एक दर्जन गाउँका सर्वसाधारण दैनिक उपभोग्य वस्तु किनमेल गर्न, औषधि उपचार र अन्य प्रयोजनका लागि टाढा धाएर हेटौँडा वा सिन्धुली जान बाध्य छन् । छोटो सडक पहिरोबाट अवरुद्ध भएपछि सर्वसाधारण लामो बाटो छिचोलेर हेटौँडा पुग्नुपर्ने बाध्यता रहेको व्यवसायी किस्मतराज मैनालीले बताउनुभयो ।

चाडपर्वको मुखमा सडक अवरुद्ध हुँदा उपभोक्ता र व्यापारी दुवैले समस्या झेल्नुपरेको उनको भनाइ छ । कमैया( पिपलमाडी सडकमा सञ्चालन हुने बोलेरोसहित अन्य साना सवारी थन्क्याएर बस्नुपरेको यातायात व्यवसायी कर्मा लामाले बताउनुभयो ।

यातायात सेवा अवरुद्ध भएपछि स्थानीय पैदल हिँडेरै आउजाउ गर्न र दाल, चामललगायत खाद्यवस्तु थाप्लोमा बोक्न बाध्य भएको स्थानीयको गुनासो छ ।

बागमती र मधेस प्रदेश जोड्ने 'लिङ्क रोड'का रूपमा रहेको कमैया( पिपलमाडी सडकखण्डमा चुरेको जोखिमपूर्ण डेढ किलोमिटर सडक सर्लाहीतर्फ रहेको छ ।

# भोटेकोशी बाढीका कारण ४१० मेगावाट विद्युत गुम्यो, ऊर्जा क्षेत्र पुनरुत्थानमा तीन खर्ब ९० अर्ब चाहिने



काठमाण्डौं ७ असोज/भोटेकोशी लगायतका नदीमा आएको अविरल बाढीका कारण देशको जलविद्युत क्षेत्रमा ठूलो मानवीय र भौतिक क्षति पुगेको छ ।

ऊर्जा मन्त्रालयका अनुसार विभिन्न आयोजनामा कार्यरत नेपाल विद्युत् प्राधिकरणका ४७ जना कर्मचारीसहित आठ सयभन्दा बढी व्यक्ति अझै सम्पर्कविहीन रहेका छन् । प्रतिनिधिसभा बैठकमा ऊर्जा, जलस्रोत

बाँकी तेस्रो पेजमा

# मधेस प्रदेश सरकारले छाप्न थाल्यो सवारी चालक अनुमतिपत्र



जनकपुरधाम, ७ असोज/मधेस प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयले आफ्नै मातहत छपाइ गरिएका सवारी चालक अनुमतिपत्र बुधबार यातायात कार्यालयहरूलाई हस्तान्तरण गरेको छ ।

मन्त्रालयले पत्रकार सम्मेलन गर्दै प्रदेशभरिका विभिन्न कार्यालयबाट माग अनुसार छपाइ गरिएका ३ हजार ८१ थान चालक अनुमतिपत्र वितरण गरेको हो । प्रदेशको श्रम तथा यातायातमन्त्री शारदा थापाले जनकपुर कार्यालयको अनुमतिपत्र यातायात कार्यालय प्रमुख वासुदेव मल्ललाई हस्तान्तरण गर्नुभयो ।

हस्तान्तरण कार्यक्रममा मन्त्री थापाले प्रदेश सरकारकै अग्रसरतामा सुरक्षण मुद्रण केन्द्रबाट छपाइ गरिएका चालक अनुमतिपत्र वितरण गर्न थालिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'मधेस प्रदेशको नाम जहिले पनि खराब कामहरूमा अग्रपंक्तिमा आउने गर्थ्यो, तर कुनै कुनै काम त हामीले पनि अग्रणी रूपमा गर्न रहेछौं नि ! अरू प्रदेशले भन्दा अघि नै हामीले लाइसेन्स यसरी छपाएर वितरण गर्न थालेका छौं ।'

छपाइ गरिएका चालक अनुमतिपत्र स्थानीय तहसँग सहकार्य गरी वडासम्म पुऱ्याएर जनताको घरदैलोमै वितरण गर्ने तयारी भइरहेको मन्त्री थापाको भनाइ छ ।

मन्त्रालयका सचिव रजित यादवले अब ट्रायल पास गरेकाहरूले एकहप्ता भित्र आफ्नो लाइसेन्स पाउने ठोकुवा गर्नुभयो । उहाँले भन्नुभयो, 'विगतमा संघीय सरकार मातहत छपाइमा जाँदा केही समय लाग्थ्यो, तर अब हामी आफैं संख्या तोकेर प्रिन्टका लागि सुरक्षण केन्द्रमा पठाउँछौं । निश्चित समयमा छपाइ भएर आउने हुँदा पहिलाजस्तो अब लाइसेन्स पाउन समय लाग्दैन ।'

यातायात कार्यालय जनकपुरका प्रमुख बासुदेव मल्लले प्रदेश सरकारबाटै छपाइको काम सुरु भएकाले सेवाग्राहीलाई अब कठिनाइ नहुने बताउनुभयो । उहाँले भन्नुभयो, 'अहिले १ महिनाभित्र हामीले लाइसेन्स वितरण गर्ने गरेका छौं, तर अब त ट्रायल पास भएको १ हप्ताभित्रै उपलब्ध गराउन सक्नेछौं ।'

मन्त्रालयले बुधबार यातायात व्यवस्था कार्यालय राजविराज सप्तरीलाई कार्ड संख्या ५२ थानको एक प्याकेट, यातायात व्यवस्था कार्यालय लहान सिरहालाई ४६० थान, यातायात व्यवस्था कार्यालय बर्दिबास महोत्तरीलाई ३०३ थान, यातायात व्यवस्था कार्यालय जनकपुरलाई ९३२ थान, यातायात व्यवस्था कार्यालय मलंगवा सर्लाहीलाई ३२ थान, यातायात व्यवस्था कार्यालय रौतहट गौरलाई ११९ थान, यातायात व्यवस्था कार्यालय कलैया, बारालाई ११ थान र यातायात व्यवस्था कार्यालय वीरगञ्ज पर्सालाई १ हजार १७२ थान चालक अनुमतिपत्र पठाएको छ ।


## जनज्योति सामुदायिक वन उपभोक्ता समूह, निजगढ ७, बारा

## काठ लिलाम बिक्रीसम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८३/०६/०८ गते**

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व ०८१/०८२ मा ढलापढा रुखहरुको संकलनबाट उत्पादित गोलिया काठ मध्ये आन्तरिक बिक्री वितरण र जिल्ला वन पैदावार आपूर्ति समितिबाट समेत फिर्ता भएका साल जातको गोलिया थान १८१ को १०७०.७२ क्यूफिट गोलिया काठको लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सुचिकृत भएका फर्म तथा उद्योगले यो सूचना प्रशाशित भएको मितिले २१ (एकाईस) दिनभित्र कार्यालय समयमा रितपूर्वकको सिलबन्दी बोलपत्र पेस गर्न आह्वान गरिन्छ ।

**थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।**

**सम्पर्क : ९८५५०८७५५६, ९८४५०९३३९७ र ९८६०७६४८१२**



## हुलाक सेवाः नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रुपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादकः- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादकः- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, व्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालयः- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रकः- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३